नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५, संख्याः २१, कार्तिक ७ गते, २०७८ साल

व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमित गर्ने कार्यविधि (दोस्रो संशोधन), २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।७।७

व्यास नगरपालिकाको निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत गरेका मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

१. कार्यविधिको दफा ४ (२) (ग) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख **को सट्टा** सदस्य -उद्योग पर्यटन विकास शाखा प्रमुख भन्ने राखिएको छ ।

२. कार्यविधिको दफा ४ (२) (ङ) सदस्य सचिव -उपशाखा प्रमुख को **सट्टा** सदस्य सचिव -राजश्व उपशाखा प्रमुख भन्ने राखिएको छ ।

आज्ञाले  
डिल्लीराम सिग्देल  
प्रमुख प्रशासकीय अधिकृत